## तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :३ संख्या : १ मिति : २०७६/०८/२९

## भाग-२

## तमानखोला गाउँपालिका

### तमानखोला प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६

आज्ञाले,

कमल प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

**"तमानखोला प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६"**

प्रस्तावनाः नेपालको संविधानको धारा ३५(१) तथा जनस्वास्थ्य सेवा ऐन ,२०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न तथा स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"तमानखोला प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तमानखोला गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) कार्यपालिका भन्नाले तमानखोला गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(२) स्वास्थ्य संस्था भन्नाले तमानखोला अन्तरगतका नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा विकास समिति ऐन, २०१३ अनुसार सञ्चालनमा रहेका सरकारी अस्पताल एवं स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ ।

(४) समिति भन्नाले दफा ३, बमोजिम गठित व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्दछ ।

**३. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको स्थापना तथा सेवा प्रवाह सम्वन्धि व्यवस्थाः**

(१) संविधान तथा ऐनद्धारा प्रदत्त आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि १०० भन्दा बढी घरधूरी भएका स्वास्थ्य संस्थाको पहुँचबाट आधा घण्टा भन्दा बढी समय लाग्ने टोलहरुमा प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको स्थापना गरी नियमित विरामी चेकजाँच, प्राथमिक उपचार तथा परामर्श सेवा लगाएतका स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

**४.व्यवस्थापन तथा सञ्चालन समितिः** प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रबाट दिईने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संरक्षक

(ख) वडा अध्यक्षले तोकेको सम्बन्धित टोलको निर्वाचित जनप्रतिनिध - संयोजक

(ग) सम्बन्धित टोलमा रहेको विद्यालयको प्र.अ - सदस्य

(घ) सम्बन्धित टोलको म.स्वां.से. मध्यवाट १ जना - सदस्य

(ङ) सम्बन्धित टोलको समाजसेवी मध्यवाट १ जना - सदस्य

(च) प्राथमिक उपचार तथा परामर्श सेवा केन्दको स्वास्थ्यकर्मी - सदस्य सचिव

**५.समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क.अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।

ख. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रवाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको ब्यवस्था गर्ने ।

ग. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रलाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

घ. सम्वन्धित वडा तथा पालिकाले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने ।

ङ. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

च. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने। छ. स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

ज. प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रमा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

झ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

ञ. गाउँपालिका तथा स्वास्थ्य चौकी संग प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धीत विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

ट.स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने ।

**५.समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) समितिको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तिमा ४८ घण्टा अगावै सदस्य सचिवले सवै सदस्यहरुलाई बैठकको कार्यसुची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतवाट हुनेछ । मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६.समितिको पदावधि:** समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।

**७. पद रिक्त हुने अवस्था:** निर्वाचित पदाधिकारीहरुको हकमा नियमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समेत समाप्त हुनेछ । मृत्यु भएमा, राजिनामा दिई सो राजिनामा स्विकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

**८. जनशक्ति:** (१) प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रमा अनिवार्य रुपमा कम्तिमा १ जना अ.न.मी. वा अ.हे.व. करार सेवामा लिई कामकाज गराईने छ । स्वास्थ्य संस्थामा कार्यबोझको आधारमा जनशक्तिमा थप गर्न सकिनेछ ।

**९.स्वास्थ्यकर्मीको सेवा सुविधा:**

(१) प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीले मासिक रुपमा रु. १२००० देखि १६००० सम्म मासिक तलब भत्ता पाउने छ । यसको अतिरिक्त एक महिना बराबरको चाडपर्व खर्च र पोषाक भत्ता पाउने छ ।

**९.भौतिक पूर्वाधार :** (१) प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको लागि आवश्यक विरामी चेकजाँच तथा उपचार, परामर्श एवं औषधि वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ । जसको लागि गाउँपालिकाले भवन निमार्ण गर्ने छ ।

**१०. आर्थिक व्यवस्थापन:** (१) प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको अलग्गै खाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन संयोजक र स्वास्थ्यकर्मीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन्:

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) सहयोगी तथा दातृ निकायवाट प्राप्त रकम,

(४) व्यवस्थापन तथा सञ्चालन समितिको समितिको निर्णय विना उपदफा (१) बमोर्जिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिने छैन ।

**१०. कार्यालय खोल्ने समयः** सार्वजनिक विदा बाहेक विहान १०:०० बजे देखि ३:०० बजेसम्म कार्यालयबाट सेवा प्रदान गर्ने र दिउसो ३:०० बजे देखि ५:०० सम्म घर तथा टोलभेट गरि परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

**११. आयव्ययको हिसाबः** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आयव्ययको हिसाब गरिनेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक लेखा परिक्षण गराई सक्नुपर्नेछ ।

(४) प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्रको लेखा परिक्षण दर्तावाल लेखा परिक्षकको कार्यालयवाट हुनेछ ।

**(१२) प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यबिधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।